कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौडा, मकवानपुर, नेपाल

फोन: ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्स: ०५७-५२३२४८

च.नं.: /०७६/०७७

# बिएस्सी. फरेष्ट्रीमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

**(गोरखापत्रमा प्रकाशित मिति २०७६/०८/०६ गते)**

शैक्षिक सत्र २०७६–२०८० को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अन्तर्गत हेटौडा-मकवानपुर, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुर, विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यन्वयन कार्यविधि २०७५ मा उल्लेखित सर्त र सुविधा लागू हुने गरी हेटौडा-मकवानपुर र सम्बन्धन प्राप्त सिद्धान्त क्याम्पस, गैंडाकोट-नवलपरासीमा सञ्चालन हुने वन विज्ञान (B.Sc. Forestry) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन Online बाट मात्र भर्न सक्नेछन् र त्यसको साथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, नागरिकता र हालसालै खिचेको पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ । साथै, अन्य विश्वविद्यालय वा संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समान स्तर निर्धारणको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** SLC / SEE वा सो सरहको परीक्षा उत्तीर्ण भई आई.एस्सी.(विज्ञान) वा १०+२ (विज्ञान) वा वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा सो सरह अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तिमा ५०% (पचास प्रतिशत) अङ्क वा प्रत्येक विषयमा 'C' Grade का साथ कूल प्राप्ताङ्कमा 'C+' Grade प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुबै भएको विषयको हकमा Theory र Practical मा अलग-अलग 'C' Grade भन्दा कम भएतापनि एकमुष्ठ विषय (Theory + Practical) को 'C' Grade कम्तिमा हुनुपर्नेछ ।

२. आवेदन भर्ने प्रकृया Online रहनेछ र त्यसका लागि यस विश्वविद्यालयको वेबसाईट www.afu.edu.np मा गई भर्न सकिनेछ ।

३. **आवेदन दिने मिति र समय :** २०७६ मंसिर २९ गते राती १२:०० बजेसम्म नियमित दस्तुर र २०७६ पौष ०१ गते राती १२:०० बजेसम्म दोब्बर दस्तुर तिरी www.afu.edu.np मा log in गरि Online फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन ।

४. **आवेदन तथा प्रवेश परीक्षा शुल्क :** आवेदन तथा प्रवेश परीक्षा शुल्क निम्नानुसार लाग्नेछ ।

(क) वन विज्ञान संकाय, हेटौडा-मकवानपुरको लागि रु.३,०००।-

(ख) विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम, हेटौडा-मकवानपुर मात्रको लागि रु.३,०००।-

(ग) वन विज्ञान संकाय, हेटौडा-मकवानपुर र विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम, हेटौडा-मकवानपुर दुबैको लागि रु.३,०००।-

(घ) प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुर मात्रको लागि रु.३,०००।-

(ङ) वन विज्ञान संकाय, हेटौडा-मकवानपुर वा विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम, हेटौडा-मकवानपुर वा दुबै र प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुरको लागि रु.३,५००।-

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७६/०७७

उक्त शुल्क **सिद्धार्थ बैङ्क लिमिटेड**को कुनै पनि शाखाबाट **"FOF Entrance Examination"** नाममा खाता नं. **00815264324** मा रकम जम्मा गरि बैङ्क भौचर प्राप्त गर्न सकिनेछ । सिद्धार्थ बैङ्क लिमिटेड बाहेक अन्य बैङ्कबाट उक्त खातामा रकम जम्मा गरेको बैङ्क भौचर मान्य हुने छैन । **बैङ्क भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम अनिवार्य लेखिएको हुनु पर्नेछ ।** रीतपूर्वक नपठाइएको वा कुनै अन्य कारणले आवेदन रद्द भएको अवस्थामा उपरोक्त शुल्क फिर्ता हुने छैन ।

५. **प्रवेश पत्र बितरण मिति, समय र स्थान :** प्रवेश परीक्षाको प्रवेश पत्र २०७६ पौष ०४ गते शुक्रबार बिहान ११:०० बजेदेखि २०७६ पौष ०५ गते शनिबार विहान ९:०० बजेसम्म मात्र परीक्षा केन्द्रबाट बितरण गरिनेछ । प्रवेश पत्र बुझ्न आउदा आवेदकले आफ्नो सक्कल नागरिकता, सक्कल बैंक भौचर, Online आवेदन सम्पन्न गरे पश्चात प्राप्त गरेको Confirmation Page र लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीले स्थानीय तहको कार्य अवसरको प्रतिबद्धता पत्र समेत लिई स्वयं उपस्थित हुनुपर्नेछ । सम्बन्धित परीक्षार्थीको यकिन गरि तथा सक्कल बैंक भौचर, Confirmation Page र स्थानीय तहको कार्य अवसरको प्रतिबद्धता पत्र बुझि मात्र निजलाई प्रवेश पत्र प्रदान गरिनेछ ।

६. **प्रवेश परीक्षा मिति, समय र स्थान :** २०७६ पौष ०५ गते शनिबार विहान ११:०० बजे हेटौडा, मकवानपुरमा सञ्चालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ ।

७. **भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र SLC / SEE को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यता क्रमको सूची तयार गरी योग्यता क्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% रहनेछ । तोकिएको कोटामा समान अङ्क भएमा प्रमाणपत्र तह वा सरहको कूल प्राप्ताङ्कको आधारमा योग्यता सूची तयार गरिनेछ । सो आधारमा पनि समान अङ्क भएमा SLC / SEE वा सो सरहको कूल प्राप्ताङ्कको आधारमा योग्यता सूची तयार गरिनेछ ।

८. विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यन्वयन कार्यविधि २०७५ को परिच्छेद २ को छात्रबृत्तिमा छनौटको आधार देहाय बमोजिम छ:

(क) नेपाली नागरिक,

(ख) अध्ययन गर्न चाहेको विषय, तह र विश्वविद्यालयमा भर्नाको लागि आवश्यक न्यूनतम मापदण्डहरु पूरा गरेको,

(ग) अध्ययन पश्चात नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले खटाएको जुनसुकै स्थानमा गई न्यूनतम ३ वर्ष सेवा गर्ने प्रतिवद्धता पत्र, स्थानीय तहको निजलाई आफ्नो पालिका अन्तर्गत प्राविधिक शिक्षा सञ्चालित विद्यालयमा कार्य अवसरको सिफारिस सहितको प्रतिबद्धता भएको,

(घ) अन्य निकायबाट दोहोरो पर्ने गरी सुविधा प्राप्त नगरेको,

(ङ) छनौट भएका विद्यार्थीहरुले अनुसूचि १ को ढाँचा अनुरुपको कबुलियत गरेको,

(च) अध्ययन अवधिभर र अध्ययन पश्चात ३ वर्षसम्म भर्ना भएका विद्यार्थीहरुको सक्कल प्रमाणपत्रहरु सम्बन्धित विद्यार्थीहरुलाई फिर्ता गरिने छैन । साथै नयाँ प्रमाणपत्र पनि ३ वर्ष पछि प्रदान गरिनेछ ।

९. प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुको योग्यताक्रम सूचि (Merit List) बाट विश्वविद्यालय अनुदान आयोगको छात्रबृत्ति छनौट सम्बन्धि व्यवस्था अनुसार विद्यार्थी भर्ना गरिनेछ । छात्रबृत्तिमा छनौट भई भर्ना हुने विद्यार्थीहरुको लागि मासिक निर्वाह खर्च रु.६,०००।- (अक्षरुपी छ हजार मात्र) को दरले प्रति वर्ष १० महिना बराबरको रकम

कृषि तथा वन विज्ञान विश्वविद्यालय
**वन विज्ञान संकाय**
**डीनको कार्यालय**
हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७६/०७७

अध्ययन अवधिभर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराए बमोजिम उपलब्ध गराईनेछ । साथै अध्ययन अवधि पुरा गरिसकेपछि खटाईएको स्थानमा नगएको खण्डमा उक्त रकम फिर्ता गर्नु पर्नेछ ।

१०. प्रमाणपत्र तह पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।

क) अग्रेजी - १२ ख) केमेष्ट्री - १३ ग) फिजिक्स - ८ घ) बोटानी - १३
ङ) जुलोजी - १३ च) गणित - १३ र छ) वन विज्ञान र सामान्य ज्ञान - ८

प्रवेश परीक्षामा ८० वटा प्रश्नहरु हुनेछन्, जसको लागि १ घण्टाको समय दिइनेछ ।

११. **परीक्षाफल प्रकाशन** : २०७६ पौष ०६ गते आइतबार परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

१२. **भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु** : भर्ना हुनको लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु :

क) पासपोर्ट साइजको फोटो ३ (तीन) र अटो साइजको फोटो २ (दुई) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) SLC / SEE को सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाण पत्र
घ) प्रमाणपत्र तहको सक्कल लब्धाङ्क (Transcript) र चारित्रिक प्रमाण पत्र
ङ) प्रमाणपत्र तहको सक्कल मूल/स्थाई प्रमाणपत्र वा अस्थाई Provisional Certificate
च) समानस्तर निर्धारण (Equivalent) को प्रमाण पत्र
छ) सम्वन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
ज) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च** : भर्ना हुन आउँदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समय भित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको आर्थिक प्रशासन शाखामा दाखिला गरि आवेदक वा अभिभावक स्वयं उपस्थित भई यस संकायको शैक्षिक प्रशासन शाखामा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याएको सक्कल प्रमाणपत्रहरुको रुजू गरिनेछ । उक्त सक्कल प्रमाणपत्रहरु यस संकायमा शैक्षिक सत्र अवधिभर राखिनेछ । उक्त अवधिभित्रमा भर्ना भएका विद्यार्थीहरुले माँग गरि सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । तर भर्ना रद्द गरेका विद्यार्थीहरुलाई फिर्ता दिइनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरीए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकको भर्ना प्रकृया रद्द गरिनेछ ।

१३. **भर्ना सम्वन्धि तालिका :**

क) भर्नाको लागि मिति २०७६/०९/०६ गते मेरिट कोटाको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले मिति २०७६/०९/०७ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा मिति २०७६/०९/०८ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले मिति २०७६/०९/०९ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।

ग) स्थान खाली रहन आएमा मिति २०७६/०९/१० गते तेश्रो (अन्तिम) नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले मिति २०७६/०९/११ गते कार्यालय समय भित्र भर्ना भई सक्नु पर्नेछ ।

इमेल : deanforestry@afu.edu.np वेब साईट : www.afu.edu.np

कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७६/०७७

१४. विश्वविद्यालय विकास शुल्क UDF अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढाँचामा नियमानुसार शुल्क तिरी मिति २०७६/०९/०६ गते देखि मिति २०७६/०९/११ गतेसम्म कार्यालय समय भित्र आवेदन दिनु पर्नेछ । साथै, त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । स्टाफ कोटा (पूर्णशुल्कीय) तथा पूर्ण शुल्क (UDF) कोटा अन्तर्गत भर्ना हुने विद्यार्थीहरुको लागि नियमित भर्ना शुल्क बाहेक रु.२,५०,०००।- (दुई लाख पचास हजार रुपैंया) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु.१,००,०००।- (एक लाख रुपैंया) बुझाई प्रथम सेमेष्टरमा भर्ना हुनु पर्नेछ । साथै दोस्रो किस्ता रु.१,००,०००।- (एक लाख रुपैंया) तेस्रो सेमेष्टर र तेस्रो किस्ता शुल्क रु.५०,०००।- (पचास हजार रुपैंया) पाँचौ सेमेष्टरको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

१५. **शिक्षण शुल्क :** हाल भईरहेको शिक्षण शुल्कमा १०% (दश प्रतिशत) बृद्धि गरी विद्यार्थी भर्ना लिइनेछ ।

१६. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, शहिद परिवार, द्वन्द पीडित, स्टाफ र पिछडिएका क्षेत्र (हुम्ला, जुम्ला, डोल्पा, कालिकोट, मुगु, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्ला) को विद्यार्थीहरुका लागि केही कोटा सिट छुट्टयाइएको छ । पिछडिएका क्षेत्रको कोटाको लागि उक्त जिल्लाका पूर्ण सरकारी अनुदानमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयबाट SLC / SEE उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले SLC / SEE उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्र online आवेदन दिंदा नै संलग्न गर्नुपर्नेछ । भर्ना हुन आउँदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नु पर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर कुनै कार्वाही हुनेछैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा पिछडिएका क्षेत्रको निजी विद्यालयबाट SLC / SEE उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई निर्धारित कोटामा भर्ना लिइनेछ । छात्रा कोटा र पिछडिएका क्षेत्रको कोटा बाहेक अन्य कोटामा भर्ना हुन ईच्छुकहरुले प्रवेश परीक्षा उत्तीर्ण हुने मध्येको लागि मिति २०७६/०९/०६ गते देखि मिति २०७६/०९/११ गते सम्म कार्यालय समय भित्र निम्नानुसारको कोटाको लागि निम्नानुसारको निकायको प्रमाण सहितको तोकिएको अवधि र ढाँचामा नियमानुसार शुल्क तिरी आवेदन दिनु पर्नेछ ।

| क्र.सं. | कोटा | निकाय |
|---|---|---|
| (क) | दलित | राष्ट्रिय दलित आयोग |
| (ख) | मधेशी | सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (ग) | जनजाती | आदिवासी जनजाती राष्ट्रिय महासंघ/सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (घ) | अपाङ्ग | बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालय/सम्बन्धित जिल्लाको गाउँपालिका र नगरपालिकाको कार्यालय |
| (ङ) | शहिद परिवार | नेपाल सरकार शान्ति मन्त्रालय/सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (च) | द्वन्द पिडित परिवार | नेपाल सरकार शान्ति मन्त्रालय/सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (छ) | स्टाफ | सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको (श्रीमान/श्रीमति, छोरा, छोरी) नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र |

इमेल : deanforestry@afu.edu.np
वेव साईट : www.afu.edu.np

कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७६/०७७

| क्र.सं. | कोटा | निकाय |
|---|---|---|
| (ञ) | स्थानीय | वन विज्ञान संकाय र कलेज अवस्थित स्थानको स्थानीय निकाय ( उपमहानगरपालिका / नगरपालिका) बाट स्थायी रुपमा बसोबास गरेको सिफारिस पत्र |
| (झ) | लागत साझेदारी | स्थानीय तहको कार्य अवसरको प्रतिबद्धता पत्र |

उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिइने छ । अपाङ्ग कोटाको हकमा नेपाल सरकारले वर्गिकरण गरे अनुसारलाई पहिलो प्राथमिकता दिईनेछ । भर्ना हुन आउँदा उक्त कोटाको लागि आवेदन साथ पेश गरेको आधार प्रमाणको सक्कल अनिवार्य पेश गर्नु पर्नेछ ।

१७. वि.एस्सी. फरेष्ट्री तहमा निम्नानुसारको विद्यार्थी भर्ना लिईनेछ । कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय बीच MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरि निरन्तरता दिईनेछ । साथै अन्य संघ संस्थाबाट मनोनयन भई आउन चाहने व्यक्तिहरुले नयाँ विद्यार्थी भर्नाको सूचना प्रकाशित हुनु अगावै विश्वविद्यालयसंग MOU भएमा तोकिएको कोटामा समावेश गरिनेछ । मेरिट कोटा सकिए पछि अन्य कोटाहरुको क्रमैसंग भर्ना सूचि प्रकाशित गरिनेछ । स्थान रिक्त भएमा, प्रत्येक कोटाको लागि ३ (तीन) पटक सम्म नामावली प्रकाशन गरिनेछ । यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामावलीबाट पनि निर्धारित कोटाहरु रिक्त हुन गएमा साथै कुनैपनि किसिमबाट भर्ना भएको विद्यार्थीले पढाई शुरु भएको ६० दिन भित्र भर्ना रद्द गरेमा UDF कोटा सरह रुपान्तरण गरी योग्यताक्रमानुसार अर्को विद्यार्थी भर्ना गरिनेछ ।

**भर्ना कोटा विवरण :**

| क्र. सं. | कोटा | सिट संख्या | | | |
|---|---|---|---|---|---|
| | | हेटौंडा, मकवानपुर | | कटारी, उदयपुर (आङ्गिक कलेज) | सिद्धान्त क्याम्पस (सम्बन्धन प्राप्त) |
| | | नियमित | विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम | | |
| (क) | मेरीट | ४१ | ५ | २१ | |
| (ख) | पिछडिएको क्षेत्रको सामुदायिक स्कूललाई नभए वोर्डिङ स्कूल | २ | – | १ | |
| (ग) | दलित | २ | १ | १ | |
| (घ) | जनजाती | २ | १ | १ | |
| (ङ) | मधेशी | २ | १ | १ | |
| (च) | अपाङ्ग | १ | – | १ | |
| (छ) | शहिद परिवार | १ | – | १ | |
| (ज) | द्वन्द पिडित | १ | – | १ | |
| (झ) | छात्रा | २ | २ | २ | |
| (ञ) | स्टाफ कोटा (सहुलियत) | २ | – | १ | |

कृषि तथा वन विज्ञान विश्वविद्यालय
**वन विज्ञान संकाय**
**डीनको कार्यालय**
हेटौडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२०३५४
फ्याक्सः ०५७-५२३२४८

च.नं.: /०७६/०७७

| क्र.सं. | कोटा | सिट संख्या | | | |
|---|---|---|---|---|---|
| | | हेटौडा, मकवानपुर | | कटारी, उदयपुर (आङ्गिक कलेज) | सिद्धान्त क्याम्पस (सम्बन्धन प्राप्त) |
| | | नियमित | विश्वविद्यालय अनुदान आयोगको लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यक्रम | | |
| (ट) | स्टाफ कोटा (पूर्णशुल्कीय) | २ | - | १ | |
| (ठ) | स्थानीय कोटा (पूर्णशुल्कीय) (छात्र १+छात्रा १) | २ | - | २ | |
| (ड) | पूर्ण शुल्क (UDF) | २२ | - | १८ | |
| | **जम्मा** | **८२** | **१०** | **५२** | |
| (ढ) | नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट मनोनयन | ३ | - | २ | |
| | **कूल जम्मा** | **८५** | **१०** | **५४** | **५०** |

१८. आवेदकले आवेदन फाराममा भरेको कलेजको प्राथमिकता र योग्यताक्रम (Merit) को आधारमा भर्नाको लागि नामावली प्रकाशित गरिनेछ। कुनै एक कोटा वा स्थान अन्तर्गत भर्नाको लागि नाम प्रकाशित भएपछि सोही कोटा वा स्थानमा भर्ना हुनु पर्नेछ। निजको नाम अन्य कोटा वा स्थानमा प्रकाशित गरिनेछैन।

१९. सम्बन्धन प्राप्त कलेजको हकमा यस संकायको प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुमध्येबाट सम्बन्धित कलेजले निवेदन माँग गरी योग्यताक्रम (Merit) को आधारमा भर्नाको लागि नामावली प्रकाशित गरी सोही कलेजले भर्ना गर्नेछ।

२०. भर्ना सम्बन्धि सम्पूर्ण अधिकार वन विज्ञान संकाय, डीनको कार्यालयमा निहित हुनेछ।

२१. अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ। यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा सो को जिम्मेवारी विश्वविद्यालयले लिने छैन।

२२. भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन।

२३. अभिमुखीकरण कक्षा (Orientation Class) र कक्षा संचालन बारे विस्तृत जानकारी www.afu.edu.np बाट पछि प्राप्त गर्न सकिनेछ।

२४. थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ।

(प्रा.डा. बलराम भट्ट)
डीन

डीन
वन विज्ञान संकाय
हेटौडा, मकवानपुर

बोधार्थ तथा कार्यार्थः-

।१। श्री नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।:- विभागीय सिटका लागि कक्षा सञ्चालन हुनु अगावै अध्ययन गर्ने कलेज तोकी पठाई दिनु हुन अनुरोध छ।

।२। श्री नेपाल सरकार,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

इमेल : deanforestry@afu.edu.np
वेब साईट : www.afu.edu.np